नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सिरहा

## प्रशासन शाखा

☎ ५२०१२१
५२००३२
फ्याक्स ५२००९९

प.सं.: ०७७/०७८ (स.)
च.नं.: १५०१

मिति: २०७७।०६।३०

**विषय: जटिल प्रकृतिका हिंसाजन्य केशको रेफर गर्न समेतको व्यवस्था।**

श्री सिरहा अस्पताल / OCMC
सिरहा।

श्री लहान अस्पताल
लहान, सिरहा।

उल्लेखित विषयमा-महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका श्रीमान् सचिवज्यूको अध्यक्षतामा मिति २०७७/०६/२० का दिन " लैङ्गिक हिंसा निवारण कोष (संचालक) समितिल " को बैठक बसि भएको निर्णय श्री गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को मिति २०७७/०६/२६ च.नं.११७४ को पत्र साथ प्राप्त हुन आएकोमा सो को १/१ प्रति यसै साथ संलग्न छ।

सो निर्णय १/१ प्रति जिल्ला समन्वय समितिको कार्यालय र सिरहाका सबै (१७) स्थानीय तह एवम् सम्वन्धित स्थानीय तह मार्फत सम्वद्ध सबै वडाहरु समेत र कार्यालय/मातहत यूनिट समेतमा जानकारीका लागि पठाई सकिएको छ।

प्राप्त निर्णय अनुरुप तत्काल प्रतिवेदन गर्न हुन तथा सिरहा अस्पतालको OCMC ले प्रदेश र स्थानीय तहमा व्यवस्थापन हुन नसकेका जटिल प्रकृतिका हिंसाजन्य घटनाका पीडितलाई केन्द्रमा सिफारिस (रेफर) गर्नु पर्दा प्रमुख स्वास्थ्यकर्मी, प्रहरी र प्रमुख जिल्ला अधिकारी समतेको सिफारिस गरि पठाउन हुन पनि अनुरोध छ।

..................
प्रदीपराज कणेल
प्रमुख जिल्ला अधिकारी

**बोधार्थ:**
श्री गृह मन्त्रालय
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा
सिंहदरवार, काठमाडौं।
श्री मिहला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय
सिंहदरवार, काठमाडौं।

**पुन: जानकारीका लागि**
श्री जिल्ला समन्वय समितिको कार्यालय, सिरहा।
श्री स्थानीयत तह (न.पा./गा.पा.) सवै (१७), सिरहा
श्री जिल्ला प्रहरी कार्यालय, सिरहा।

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- शा.सु. ०७७/०७८-६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ११६८

नेपाल सरकार गृह मन्त्रालय

मिति २०७७/०६/२६

**विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।**

**श्री प्रहरी प्रधान कार्यालय**
**नक्साल, काठमाडौं।**
**श्री प्रमुख जिल्ला अधिकारी ज्यू**
**जिल्ला प्रशासन कार्यालय, सबै।**

प्रस्तुत विषयमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, (महिला सशक्तिकरण महाशाखा), लैङ्गिक हिंसा निवारण शाखाको च.नं. लै.हि.नि. ४८ मिति २०७७/०६/२१ गतेको पत्रानुसार महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका श्रीमान् सचिवज्यूको अध्यक्षतामा मिति २०७७/०६/२० गते **लैङ्गिक हिंसा निवारण कोष ( संचालक ) समिति**को बैठक बसी गरेका निर्णयहरु यसैसाथ संलग्न गरी यस मन्त्रालयमा प्रेषित गरेको हुँदा सो निर्णय आवश्यक कार्यान्वयनका लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०७७/०६/२६
(अमर दिप सुनुवार)
शाखा अधिकृत

**बोधार्थ**
महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय,
महिला सशक्तिकरण महाशाखा, लैङ्गिक हिंसा निवारण शाखा,
सिंहदरवार, काठमाडौं।

आज मिति २०६६ असोज २० गते मंगलबार बिहान ९:२० बजे यस मन्त्रालयका सचिव श्री यामकुमारी खतिवडा (बास्कोटा) ज्यूको अध्यक्षतामा लैंगिक हिंसा निवारण कोष संचालन समितिको बैठक तपशिलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति:

श्री यामकुमारी खतिवडा (बास्कोटा) सचिव-म.बा. तथा स.क.म.-अध्यक्ष
श्री इन्दिरा दाहाल, उ.स.-प्र.म. तथा म.प. को कार्यालय-सदस्य
श्री उ.स. - अर्थ मन्त्रालय - सदस्य
श्री पुष्कर सापकोटा, उ.स. - गृह मन्त्रालय - सदस्य
श्री बसन्त अधिकारी, उ.स.- सं.मा. तथा सा.प्र.मं. - सदस्य
श्री लिला देवी गड्तौला, उ.स. - का.न्या. तथा सं.मा.म. - सदस्य
श्री दिलो कार्की (प्र.नी.उ) - म.बा. तथा स.क.म.-सदस्य
श्री उमा शाह, अध्यक्ष - साथी संस्था - सदस्य
श्री सोभानी कुमारी झोवक, उ.स.-म.बा. तथा स.क.म. सदस्य सचिव.

आमन्त्रित:

श्री मिठाराम साम्पे उ.स. गृह मन्त्रालय
श्री दीपक प्र. तिमिल्सिना उ.स. (लेखा) म.बा. तथा स.क.म.
श्री उमा शाह - साथी अध्यक्ष
श्री लक्ष्मी उप्रेती, शा.अ., अर्थ म.
श्री शारदा रायमाझी, उ.स. कानुन, म.बा. तथा स.क.म.
श्री सोभानी देवी कार्की, उ.स. म.बा. तथा स.क.म.
श्री विष्णु पाठक, शा.अ. " " " " " "
श्री सिता गौरे, शि.वि.नि. " " " " " "
श्री भावना मिश्र " " " " "
श्री कमला थापा, सहयोगी " " " "

रु:

हालसालै देशका विभिन्न स्थानमा घटेका लैंगिक हिंसाका घटनाका सम्बन्धमा छलफल हुँदा भारतमा घटना घटी हाल बझाङको जिल्ला अस्पतालमा उपचार गराइरहनु भएकी पीडितलाई राहत तथा उपचार खर्च उपलब्ध गराउन सम्वन्धित जिल्लाबाट सिफारिश सहित आवश्यक कागजात उपलब्ध हुनु पर्ने हुँदा सो को व्यवस्थाका लागि श्री गृह मन्त्रालयलाई अनुरोध गर्ने साथै पीडितको मानसिक समस्या संबोधन गर्न मनोसामाजिक परामर्शकर्ता आवश्यक पर्ने भएमा सोही स्थानमा उपलब्ध मनोसामाजिक परामर्शकर्ताको व्यवस्थाका लागि तहाँ मानसिक स्वास्थ्यका क्षेत्रमा कार्यरत संघ संस्थाहरुसँग समन्वय गरी परामर्शदाताको व्यवस्था गर्ने । परामर्शदाताको पारिश्रमिकको व्यवस्थापन संघ/संस्था वा OCMC बाट हुन नसकेमा हाललाई एक महिनाको परामर्शकर्ताको पारिश्रमिक लैंगिक हिंसा निवारण कोषबाट व्यहोर्ने व्यवस्था महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले मिलाउने ।

२. लैंगिक हिंसाका घटनाका पीडितलाई तत्काल उद्धार गर्न, औषधि उपचार गर्न, राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन, कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न, पुनर्स्थापना जस्ता कार्यहरु गर्न/गराउन आवश्यक रकम र अन्य व्यवस्थापन प्रदेशिक लैंगिक हिंसा निवारण कोष र स्थानीय लैंगिक हिंसा निवारण कोषबाट गर्ने । साथै प्रदेश र स्थानीय तहमा व्यवस्थापन हुन नसकेका जटिल प्रकृतिका घटनाका पीडितलाई केन्द्रमा सिफारिश (रिफर) गर्नु पर्दा प्रमुख स्वास्थ्यकर्मी प्रहरी र प्रमुख जिल्ला प्रशासन कार्यलयहरुलाई गृह मन्त्रालय मार्फत सिफारिश सहित पठाउन अनुरोध गर्ने ।

३. लैंगिक हिंसा साथै महिला, बालबालिका, अपांगता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकमा भएका हिंसाका घटनाको सम्बन्धमा जिल्ला प्रहरी कार्यालयले गृह मन्त्रालयलाई जानकारी गराउँदा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई समेत तत्कालै जानकारी गर्ने गराउने आवश्यक व्यवस्थाका लागि गृह मन्त्रालयलाई अनुरोध गर्ने ।

. लैंगिक हिंसा निवारण कोष (संचालन) नियमावलीले गरेको व्यवस्था बमोजिम प्रदेशिक लैंगिक हिंसा निवारण कोष र स्थानीय लैंगिक हिंसा निवारण कोषको स्थापना भए/नभएको जानकारी लिने, तत्काल उद्धार तथा राहत समिति (प्रदेश र स्थानीय तह), साथै जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयबाट यस्ता घटनाका सम्बन्धमा जानकारी लिई आवश्यक समन्वय गर्न मन्त्रालयका लैंगिक सम्पर्क व्यक्तिलाई छुट्टै सिम सहितको मोबाइलको व्यवस्था गर्ने साथै सो को लागि आवश्यक खर्च लैंगिक हिंसा निवारण कोषबाट व्यहोर्ने ।

प्रदेशिक लैंगिक हिंसा निवारण कोष र स्थानीय लैंगिक हिंसा निवारण कोष स्थापना तथा तत्काल उद्धार तथा राहत समिति गठन गर्ने सम्बन्धमा ७ वटै प्रदेश र ७५३ वटै स्थानीय तहहरुमा उक्त कोष तथा समिति गठन गर्न पटक पटक अनुरोध गरिएकोमा हालसम्म पनि कतिपय प्रदेश र स्थानीय तहमा यस्तो कोष स्थापना र समिति गठन भएको नदेखिएकोले तत्काल कोषको स्थापना र समिति गठनको व्यवस्था हुन श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत ७ वटै प्रदेशको सामाजिक विकास मन्त्रालयहरुलाई र श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरुलाई पत्राचार गरिदिनु हुन पुनः अनुरोध गर्ने ।